कर्णाली प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल।

पत्र सङ्ख्याः २०७९/८०
चलानी नं.: ८३२

मिति :- २०७९/१०/२६

विषयः खर्च कटौति गर्ने तथा बजेट रोक्का राख्ने सम्बन्धमा।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
श्री आर्थिक मामिला तथा योजना मन्त्रालय,
श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय,
श्री सामाजिक विकास मन्त्रालय,
श्री भौतिक पूर्वाधार, ऊर्जा तथा जलस्रोत मन्त्रालय,
श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,
श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय,
श्री प्रदेश सभा सचिवालय,
श्री प्रदेश लोक सेवा आयोग,
श्री कर्णाली प्रदेश योजना आयोग,
श्री मुख्य न्यायाधिवक्ताको कार्यालय,
कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत ।

विश्वव्यापी रुपमा आपूर्ति शृङ्खलामा परेको प्रतिकूल प्रभावका कारण आर्थिक गतिविधिमा सङ्कुचन आई चालु आर्थिक वर्षमा लक्ष्य अनुसारको राजस्व सङ्कलन हुन नसकेको, नेपाल सरकारबाट प्राप्त हुने अनुदान तथा राजस्व बाँडफाँटबाट प्राप्त हुने आयमा समेत त्यसको प्रभाव पर्ने देखिएकोले सार्वजनिक खर्च मितव्ययी ढङ्गले गर्नुपर्ने अवस्था रहेको छ। कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १८ को उपदफा (१) मा प्रदेशको आर्थिक स्थिति र प्रदेश सञ्चित कोषमा जम्मा रहेको रकमलाई विचार गरी आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेको विनियोजित रकम आवश्यकता अनुसार पूर्ण वा आंशिक रुपमा रोक्का वा नियन्त्रण गर्न र समर्पण गराउन सक्नेछ भन्ने व्यवस्था रहेको छ। नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७९ माघ १७ गते मंगलबारको प्रेस विज्ञप्ति मार्फत चालु तर्फको खर्चमा अनिवार्य दायित्व बाहेक न्यूनतम २० प्रतिशत खर्च कटौति गर्न प्रदेश सरकार र स्थानीय तहहरुलाई पनि अनुरोध गर्ने विषय उल्लेख भएको छ। उल्लिखित कानूनी व्यवस्था र नेपाल सरकारको अनुरोध समेतका आधारमा कर्णाली प्रदेश सरकार मातहतका विभिन्न मन्त्रालय/निर्देशनालय/ आयोग/सचिवालय/कार्यालयको स्वीकृत बजेटको देहायको खर्च शिर्षमा विनियोजित बजेट मध्ये दायित्व सिर्जना भइसकेको र बोलपत्र आह्वान भइसकेको बाहेक देहायका खर्च शिर्षकहरुमा विनियोजित बजेटमा खर्च भई बाँकी रहेको रकम मध्ये (दायित्व सिर्जना भइसकेको बाहेक) बजेट तत्काल लागू हुने गरी २० प्रतिशत रकम कटौति तथा बजेट रोक्का गर्ने सम्बन्धमा मिति २०७९/१०/२६ मा निर्णय (माननीय मन्त्रीस्तर) भएकोले उक्त निर्णयको कार्यान्वयनका लागि पठाइएको व्यहोरा अनुरोध छ।

चालु तर्फका देहाय बमोजिमका खर्च शिर्षकहरु

| खर्च शिर्षक नं. | विवरण | खर्च शिर्षक नं. | विवरण |
|---|---|---|---|
| २११३९ | अन्य भत्ता | २२४११ | सेवा र परामर्श खर्च |

कर्णाली प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

पत्र सङ्ख्याः २०७९/८०   वीरेन्द्रनगर, सुर्खेत, नेपाल।

चलानी नं.:

| | | | |
|---|---|---|---|
| २२२११ | इन्धन पदाधिकारी | २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर सञ्चालन खर्च |
| २२२१२ | इन्धन कार्यालय प्रयोजन | २२५११ | कर्मचारी तालिम खर्च |
| २२२१३ | सवारी साधन मर्मत खर्च | २२५१२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सञ्चालन खर्च |
| २२२२१ | मेशिनरी औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | २२५२१ | उत्पादन सामग्री/सेवा खर्च |
| २२२३१ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | २२५२२ | कार्यक्रम खर्च |
| २२२९१ | अन्य सम्पत्तिहरुको सञ्चालन तथा सम्भार खर्च | २२५२९ | विविध कार्यक्रम खर्च |
| २२३११ | मसलन्द तथा कार्यालय सामग्री | २२६११ | अनुगमन तथा मूल्याङ्कन खर्च |
| २२३१४ | इन्धन- अन्य प्रयोजन | २२६१२ | भ्रमण खर्च |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन | २२६१९ | अन्य भ्रमण खर्च |
| २२३१९ | अन्य कार्यालय सञ्चालन खर्च | २२७११ | विविध खर्च |

पूँजीगत खर्च तर्फका देहायका खर्च शिर्षकहरु

| खर्च शिर्षक नं. | विवरण | खर्च शिर्षक नं. | विवरण |
|---|---|---|---|
| ३११२२ | मेशिनरी तथा औजार | ३११६१ | निर्मित भवनको संरचनात्मक सुधार खर्च |
| ३११२१ | सवारी साधन खरिद | ३११७१ | पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण |
| ३११२३ | फर्निचर तथा फिक्चर्स | | |

- आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति नलिई कुनै निकाय र स्तरबाट थप दायित्व पर्ने कुनै निर्णय नलिने।
- कार्यक्रम खर्च अन्तर्गत विनियोजन भएका तर सुरुवात नभएका कार्यक्रम रोक्का राख्ने।
- वैदेशिक स्रोत तर्फका बाहेक सबै प्रकारका गोष्ठी, सेमिनार र कार्यशाला हाललाई स्थगत गर्ने।
- चालु आर्थिक वर्षमा नै भुक्तानी दिने गरी थप दायित्व सिर्जना नगर्ने।
- आर्थिक सहायता प्रदान नगर्ने।
- थप दायित्व सिर्जना हुने गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण नगर्ने। चालु आर्थिक वर्षमा कुनै पनि थप नयाँ सङ्गठन स्थापना नगर्ने।
- फर्निचर र नयाँ सवारी साधन खरिद शीर्षकमा विनियोजित रकम खर्च नगर्ने गरी हाललाई स्थगन गर्ने।
- माथि उल्लिखित व्यहोरा स्थानीय तहलाई समेत अनुरोध गर्ने।

(विद्याप्रसाद उपाध्याय)
शाखा अधिकृत